# राई जातिमा प्रचलित पगरी संस्कृति

**सरिता राई**

<saritabantawa1176@gmail.com>

## लेखसार

*पगरी संस्कृति राई समुदायमा प्रचलित एक पवित्र मुन्दुमी शिरपोस हो । यो शिरमा गुथिने वस्त्र, श्रेय, मान, पद, राज्यव्यवस्थाको मान, सम्मानको अर्थमा प्रयोग हुन्छ । फेटा र पगरी दुवै शिरपोस भए तापनि भूमिकाको आधारमा भने अर्थ फरक-फरक रहेको छ । राईहरू बहुभाषी भएकाले पगरीलाई फेटा, दोलो, मुजुरी/शिरपोस/आदि नामले सम्बोधन गर्ने गर्दछन । यसको प्रयोग विशेष गरी किरात राईहरूले सांस्कृतिक शुभ-कार्यहरूमा मुख्य व्यक्ति व्यक्तित्वहरूलाई फेटा गुथाएर सम्मान गर्ने किरात राईहरूको परम्परा रहेको छ । किरात राई मुन्दुमअनुसार सायाचोङ्/सायाबूङ् (शिर उठाउँदा) नछुङले मुन्दुम रिसिया  गाउँदै फेटा गुथाएर सायाचोङ् (शिरउठाउने) गर्ने परम्परा रहेको छ । यसरी सायाचोङ् गर्दा पाछा, सामेत्, बबि, सुप्तुलुङ/तीन चुलाको नाम अनिवार्य उल्लेख गर्नुपर्ने मान्यता रहेको छ । यदि यसो नभए फेटाको मुन्दुमी विधि (प्राणप्रतिष्ठा) भएको भने मानिँदैन । त्यसै गरी शिर उठाउने विधाअनुसार मुन्दुम/रिसियाहरू पनि फरक-फरक हुने गर्दछ । राई समुदायमा प्रचलित पगरीको प्रयोग, महत्त्व, अर्थ, उत्पति तथा ऐतिहासिकता, मुन्दुमी व्याख्या, दर्शन, पगरी पहिराउने विधाहरूबारे प्राज्ञिक अध्ययन गर्ने यस अध्ययनको उद्देश्य रहेको छ । यस लेख तयार गर्दा यसको ढाचा र विषयवस्तु प्रकृतिका हिसाबले गुणात्मक अध्ययन विधि अन्तर्गत इथ्नोग्राफी विधि अपनाइएको छ भने यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै प्रकारको तथ्याङ्कहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतहरू अनुसन्धकर्ता आफैँ अध्ययन क्षेत्रमा उपस्थित भएर गहण सहभागितामूलक अवलोकन गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ । यसै गरी दोलोसँग ज्ञान भएको १२ जना विज्ञहरूसँग प्रत्यक्ष अन्तरर्वार्ता गरिएको छ । द्वितीयक स्रोतको रूपमा फेटासम्बन्धि प्रकाशित पुस्तकहरू, अप्रकाशित पुस्तक, ऐतिहासिक दस्तावेज, शोधपत्र, ई-लाईबेरी, जर्नल आदिको पनि प्रयोग गरिएको छ ।*

**शब्दकुञ्जी :** पगरी, राई, संस्कृति, मुन्दुम, नछुङ ।

## विषयपरिचय

प्रकृति भूमि पूजक राईहरू एक जाति बहुभाषी हुन्, भाषाशास्त्रीहरूका अनुसार उनीहरू २६ भाषा बोल्ने गर्दछन् । उनीहरूको आफ्नै मूर्त-अमूर्त संस्कृति, भाषा, धर्म, संस्कार, चाडपर्व, उत्सव, मौलिक भेषभूषा, गहना, साहित्य, बाजागाजा आदि रहेका छन् । किरात राईहरू सुम्निमा पारूहाङ्लाई शक्तिको माङ् र तीन चुलालाई इष्टदेवताको पितृमाङ्को रूपमा पूजा गर्दछ भने जीवनदर्शनको रूपमा मुन्दुमलाई मान्दछन् । यो उनीहरूको अलिखित र मौखिक ज्ञान प्रणालीको रूपमा रहेको छ । राईहरू विशेष गरी नेपालको पुर्वी पहाडी जिल्लाहरूमा मुख्य रूपमा बसोबास रहेको छ । राई

जातिमा प्रचलित विभिन्न संस्कृतिहरूमध्ये पगरी एउटा पवित्र मुन्दुमी शिरपोस हो । पगरी शिरपोस भए तापनि यसको प्रयोग, महत्त्व, अर्थ, भूमिकाको आधारमा अर्थ फरक-फरक रहेको पाइन्छ । राईहरूको पगरी भनेको शान्तिको प्रतीक, मान-सम्मान प्रतिष्ठा आदरसत्कार, श्रीपेज, ताज, सरकारी, मानसम्मान आदिको अर्थमा प्रयोग गर्दै ल्याइएको छ । राईहरू एक जाति बहुभाषी भएकाले यसको प्रयोग गर्दा रिसिया/मुन्दुम विधाअनुसार फरक-फरक व्याख्या पाइन्छ । राई समुदायमा प्रचलित अति नै पवित्र तथा मौलिक शिरपोस फेटाको प्रयोग आदिम शिकारी युगबाट नै प्रयोग गर्दै ल्याएको कुरा मुन्दुमहरूमा व्याख्या गरिएको छ (नारादमणि हार्ताम्छाली, व्यक्तिगत अन्तर्वार्ता -२०८०, टोखा) । राईहरूमा भाषाको विकास भएपछि, किरात राईहरू बहुभाषी भएकाले पगरीलाई विभिन्न नामले सम्बोधन गरेको पाइन्छ । जस्तैः थुलुङले सेवारी, वाम्बुले सायाबुङ्, बान्तवाले सायाचोङ्, बायुङ्ले मुजुरी, चाम्लिङले सायारेममा आदि नामले पगरीलाई सम्बोधन गर्दछन् र यसलाई गुथाउने मुन्दुम/रिसिया पनि विधाअनुसार फरक-फरक रहेको पाइन्छ । पगरीको प्रयोग राईहरूको सांस्कृतिक कार्यक्रमहरूमा सम्मान तथा नेतृत्व पहिचानको लागि प्रतिष्ठित तथा सम्मानित योग्य व्यक्तिहरूलाई शिरमा दाहिने तिरबाट पहिराउने/गुथाउने संस्कृति रहेको छ । राईहरूले कुनै पनि सांस्कृतिक मुन्दुमी कार्यहरू नछुङ, माङ्पा, दोवा, ज्वाम्चो, बिजुवाहरू, धामी मुन्दुममार्फत गर्दछन । त्यसैले पगरी नेतृत्व गर्ने मूल वा प्रमुखलाई सम्मान स्वरूप लगाइन्छ । त्यसैले फेटाको अर्थ नेतृत्व र सबैभन्दा ठुलो मान-सम्मान भन्ने हुन्छ, जुन शिरमा वा टाउकोमा पहिरने गरिन्छ । प्राचीन र मध्यकालीन समयमा पगरीलाई सरकारी मान, पदवी, प्रशासक भन्ने अर्थमा पनि प्रयोग भएको पाइन्छ (भोगीराज चाम्लिङ, व्यक्तिगत अन्तरर्वार्ता, २०८१ ) ।

राई समुदायमा सामजिक तथा सांस्कृतिक महत्त्व राख्ने पगरीको खास प्राज्ञिक अध्ययन नुहुनु आफैँमा अनुसन्धान रिक्तता देखिन्छ । त्यसैले राई समुदायमा प्रचलित पगरीको आदिम समयदेखि प्रचलनमा ल्याएता पनि यसको ऐतिहासिकता तथा उत्पति केकस्तो छ ? भन्ने विषय आफैँमा एउटा खोजीको विषय हो । राईहरू बहुभाषी भएकाले राई समुदायको फेटा/पगरी प्रचलनको अभ्यासहरू केकस्ता रहेका छन ? अर्थात् कस्तो अवस्थामा कस्तो मुन्दुम वाचन गरी प्रयोग गर्दछन् ? भन्ने विषयहरू खोजीको विषयहरू हुन् । पगरी पहिराउने/सायाचोङ् (शिर) उठाउने समय र विधाहरू केके हुन् भन्ने बारे गहिरो खोजीको विषय हो । त्यसैले राई समुदायको संस्कृतिमा फेटा/पगरीको महत्त्व कस्तो रहेको छ ? आदि विषयमा यस अध्ययन केन्द्रित रहको छ ।

## अध्ययनविधि

राई समुदायमा प्रचलित पगरीको ऐतिहासिकता, सांस्कृतिक महत्त्व, केकसरी प्रयोग हुन्छ भन्ने मुन्दुमी विधि, अभ्यासहरूको बारे खोजी गर्नुपर्ने भएकाले अनुसन्धान ढाचा विषयवस्तु र प्रकृतिको हिसाबले यस अध्ययनमा गुणात्मक अध्ययन विधिलाई प्रयोग गरिएको छ । यो एक प्रकारको अमूर्त सम्पदा भएकाले यसको शोधकार्य गुणात्मक अध्ययनविधि हुनु स्वाभाविक मानिन्छ । यसका तथ्यहरू सङ्कलन पनि गुणात्मक मानिने भएकाले विशेष प्राथमिक स्रोतहरूको उपयोग गरिएको छ । अवलोकन र अन्तरर्वार्ताबाट तथ्यहरू सङ्कलन गरिएको छ । पगरी पहिराउने अवसर तथा सांस्कृतिक चाड साकेला उधौली र उभौलीमा साकेलाको विभिन्न पूजा अनुष्ठान भव्य रूपमा हुने हुँदा यस कार्यक्रममा सहभागिता भई त्यहा भएको विभिन्न कार्यलाई प्रत्यक्ष अवलोकन गरिएको

छ । पगरीको विषयमा नछुङ तथा जानकार व्यक्ति व्यक्तित्वहरूलाई १२ जनासँग प्रत्यक्ष अन्तरवार्ता लिइएको छ । प्रत्यक्ष अवलोकनमा सम्बन्धित कार्यक्रमको फोटोग्राफी, भिडीयोग्राफीलगायतका विधिहरूलाई अपनाई तथ्यहरूको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यसैगरी द्वितीयक स्रोतको रूपमा पगरी सम्बन्धि प्रकाशित पुस्तकहरू, अप्रकाशित पुस्तकहरू, शोधपत्र, ई–लाइबेरी, पगरी/फेटा सम्बन्धि जर्नलहरूको अध्ययन गरी तयार गरिएको छ । प्राथमिक र द्वितीयक स्रोतहरूबाट प्राप्त तथ्यहरूलाई वर्गीकरण विश्लेषण गर्ने सत्यताको परिक्षण गर्दै अन्तिम निष्कर्षमा पुगिएको छ । यसरी हेर्दा विश्वासयोग्य तथ्यहरूको विश्लेषण गर्दै वर्णनात्मकविधि उपयोग गर्दै निष्कर्षको आधार निर्माण गरिएको छ ।

## मुख्य प्राप्ति

### पगरीको ऐतिहासिकता तथा उत्पत्ति

राई जातिमा प्रचलित पगरीसम्बन्धि विभिन्न प्राथमिक तथा द्वितीयक स्रोतहरूको अध्ययन गर्दा ऐतिहासिकता तथा उत्पतिबारे विभिन्न मुन्दुमी मिथक र इतिहासहरू, आख्यानहरू प्राप्त भएका छन् । यसको ऐतिहासिकता हेर्दा आदिम पुर्खा सुम्निमाले विवाहको दिन लिम्चुङफूलको आकर्षक दोलो (श्रीपेच) बनाएर पारूहाङलाई सम्मान गर्दै लगाइदिएकि थिइन् भन्ने मुन्दुमी मिथक पाइन्छ (राई, २०७१, पृ.६९) । पगरीको अवधारणा शिकारी युगको आदिम समाजबाट आरम्भ भएको देखिन्छ । समुहको नाइकेको रूपमा नोक्छोङ (धामी) लाई मानेर दोलो/पगरी लगाएर समूहको नाइके बनाएर समूहको नेतृत्व गर्ने जिम्मा नछुङलाई दिएको मानिन्छ । नछुङलाई नाइके मान्ने आधारहरू नछुङले मुन्दुम जान्ने भएकाले शिकार गर्नु जानु अघि शिकारी मुन्दुम गरेर मात्र शिकार गर्नु जाने, मुन्दुमी शक्तिको प्रयोग गरेर दुस्मनलाई हराउने, र समूहमा कसैको मृत्यु भएमा सबै मुन्दुमी कार्य धामी/नोक्छोङ्ले नै गर्ने भएकाले पनि धामीलाई नै पगरी लगाएर नाइके मानेका देखिन्छ (नारादमणि हार्ताम्छाली, व्यक्तिगत अन्तरवार्ता, २०८०) । जब शिकारी युगबाट बिस्तारै कृषियुगमा प्रवेश भयो त्यही शिकारीयुगका मानिसको समूहको नेता पछि गएर जब मानव जातिहरू गाउसहर बनाएर बस्नु सुरू भयो र मानिसको जनसङ्ख्या पनि बढेर गयो, गाउँ बस्ती र सहरमा नियम कानुन बनाउनु आवश्यकता पर्यो । त्यही कानुन र नियमको पालना गर्नुपर्ने भएकाले नेता नाइके हुँदै राजाको अवधारण आयो र त्यही साङ्केतिक पगरीलाई श्रीपेचको रूपमा विकास भएको देखिन्छ । यसरी समूहको नाइकेलाई विशेष खालको साङ्केतिक दोलो लगाएर सम्मान गर्ने चलनबाटै पगरीको विकसित स्वरूप राजाको श्रीपेचको रूपमा आधुनिक समाजमा विकास भएको मानिन्छ । त्यसैले राजाको श्रीपेच आदिम समयको प्रचलन हो, जुन राजतन्त्रमा पनि अङ्गीकरण गरियो (भोगीराज चाम्लिङ, व्यक्तिगत अन्तरवार्ता, २०८१) । त्यसैगरी आदिम पुर्खा हेत्छाकुवा लोङमाले (रैछाकुले) को विवाह सम्पन्न भएपछि छुटिने बेलामा चेली ताङवामा र खिवामा (तयामा र खियामा) ले आफुसँग भएको खेसको खाडीको बर्कोको फेटा लगाइदिएर माइतीको शिर उच्च बनाएर बिदावारी भएको कुरा मुन्दुममा व्याख्या गरिएको छ । त्यही समयबाट किरात राई समुदायमा विवाहको समयमा सायाचोङ् मा फेटा गुथ्ने चलन रही आएको किराती मुन्दुममा उल्लेख गरिएको छ (हतुवाली, २०७१, पृ. ३४) ।

**पगरी पहिराउँदा गरिने मुन्दुमी विधि**

राईहरू एक जाति बहुभाषी भएकाले पगरी गुथाउँदा/रिसिया/मुन्दुमहरू पनि विधाअनुसार फरक-फरक फलाक्ने गरिएको कुरा व्याख्या गरिएको पाइन्छ । जसमध्येका चाम्लिङ र वायूङ राई भाषीहरूको शिर उठाउँदा गाउने वा फलाक्ने रिसियाहरूलाई मात्र तपसिलमा उल्लेख गरिएको छ ।

**चाम्लिङ राईमा पगरी पहिराउँदा गरिने मुन्दुमीविधि**

सर्वप्रथम चाम्लिङ परम्परामा पगरी पहिराउदा पाछा --- सामे--- बबी --- मेचीनुङ् - सुप्तुलुङ (चुलोको) को नाम अनिवार्य पुकार गर्दै रिसिया गाउने गर्दछन् ।

"आले उसले खिम्दाका मेवा पाछाडा टुङगमा डा खाना हँ आले हँ उको हँङ माहुर चाप्चा हँदा रमाकासुङ रामकाते लिबलवा माहुबुङ तावाते हाना ताकी खाना देरूङ्गानाखा लोल्ना थल रूङ्गी काममा साका काममा हँ उम्दीह कौ खाना उको रिलुङ खाना उम्दी हँ साय रेम्सा बतम्सानिनमा हैखाम्मालाकाय लादिह पितिह बक्खामा उडा भारा बम मैसा य मैसा ख मैसा आस उको काप साय रेम्मा उको कापतिम्मा उको रिलुङ मिडिङ् भारा पा ल ला तामैने मोय तामैले रूङरी पुमा रूङरी चुमा रूङरीतिम्मा भारा तिर्ने कौ हँ च्यायौ ।"

नेपाली भाबअनुबादः आज फलाना पाछा .. बबी ... मेचीनुङ् - सुप्तुलुङको सदस्य ..... को आमा बाबाले गरेको सृष्टि जस्तो विवाहको दिन यो विशेष दिन हो .. यो भएको यो पगरी लगाउँदै छौ । तिमी आजको यो विवाह विधा कर्म संसारको राजा हौ.. तिमी संसारको राजाहरू भन्दा माथिको राजा हौ... तिमीले अब सृष्टि चलाउनु पर्छ । तिम्रो सधैँ शिर उच्च होओस् । तिम्रो दाम्पात्य जीवन सधैँ यो सेतो सफा पगरी जस्तो दाग नलागी र सफा होओस् (नछुङ, रत्न बहादुर राई, व्यक्तिगत अन्तर्वार्ता - २०८१, ललितपुर ) ।

यसैगरी कुनै पनि व्यक्तिको शिर उठाउँदा (सायारेम्मा) गर्दा वाबु, इहमा चारूङ (एक माना चामल), युङमादोत, दिपा (दियो), सायाच्योकी (तितेपाती, हररा भएको चोखोपानी, पानीको कलश वा लोहोटा) आदि आवश्यक पर्दछ र यसरी मुन्दुमी विधि अपनाउने परम्परा रही आएको छ ।

"हे...पापालुङ, मामालुङ, छेकुलुङ, मेहेनमालुङ, प्रोतीलुङ, हिचिरिलुङ, सुप्तुलुङ, दायालुङ, हेनखामालुङ, बखामालुङ, साकुलुङ, दिवालुङ, सलेबुङ माङ, लोहोरीबुङ लाम वौ फलाना सामेको, फलनु बोबीको फलानु पाछाको फलानुको आत्माको, आत्मा जागाइदेऊ ।

परमात्माको आत्मा, आत्मा जगाइदेऊ ।
समुन्द्रदेखि आकाशको आत्मा, आत्मा जगाइदेऊ ।
जङ्गलको देवतको आत्मा, आत्मा जगाइदेऊ ।
बनस्पतिको आत्मा, आत्मा जगाइदेऊ ।
बाघको गर्जन जस्तो आत्मा, आत्मा जगाइदेऊ ।
भालुको जस्तो आत्मा, आत्मा जगाइदेऊ ।
हात्तीको बलजस्तो आत्मा, आत्मा जगाइदेऊ ।

घोडाको बलजस्तो आत्मा, आत्मा जगाइदेऊ ।
लेखाली फुलको आत्मा, आत्मा जगाइदेऊ ।
बेसीमा पाउने फुलको आत्मा, आत्मा जगाइदेऊ ।
डाफेमुनालको आत्मा, आत्मा जगाइदेऊ ।
खेतीपातीको आत्मा, आत्मा जगाइदेऊ ।
पानदेवताको आत्मा, आत्मा जगाइदेऊ ।
खोलानालाको आत्मा, आत्मा जगाइदेऊ ।
सबै आत्माहरू सँगसँगै भइरहोस् ।
पितृको पनि पितृहरूको आत्मा जगाइदेऊ ।
आँखीडाही गर्नेहरूको आत्मा माटोभित्र रहोस् ।
यो घारमा चोखो आत्मा, धनसम्पतिको आत्मा, अन्नपानीको आत्मा,
बोली वचनको आत्मा, मानव आत्माहरूको आत्मा रहिरहोस् ।
सोलोलो सोलोलो सोलोलो ।" (राई, २०८०, पृ.१६३, १६४ )

राई, पूर्णबहादुर (२०८०), किरात राई मुन्दुम संस्कार रिसिया, किरात मुन्दुम अध्ययन केन्द्र

**बायुङ राईले मुलुमीलाई फेटाले सम्मान गर्दा वा शिर उठाउँदा फलाक्ने मुन्दुम**

"सानाम्ती वाङानाम्तीदा सित्ते मुलु मुत्ते मुलु पासो मिनी बानी चेनआ रोआङ सित्त्फलो मुत्त्फलोदी खिम सारी नाम सारी पाती वेले रोबो खिक्सो चेन्तीकी रोत्तीकी इके योगीमी अक्के मुलु दुता निवा दुता दासो कल्लो के सिलाखा जुल्सो आद मिरीके सुदु बुबु सुन्दुदी सानामी चुक्तामेनेङ आनायो कल्लो के सुदु बुबु सुन्दु अमअम ताया नुम्या खेदा आना वामेदी मिनी मुलु बानी मुलु पासो मिनी बानीके सोजेम लेमजेम खिकआ गोनी मुलुमी बनीङ अक्के साया रोङसिआ ब। कल्लो लागि खोङ सानामी चुङने माचापकावा खेदायो इनिके सारी थार्मा कोको थार्मा सुमा पासो ओखोवा मुलुब्जा नुङ मुजुरीमी इनिके सिलाखा जुल्सो चुनाकाना दुखाचाला मापाने, जुपआ ते पाने, योगी तुम्लो पाने, गुकु लागि चेन्दिकीनी रोक्तिकिनी सोबु माले के जोबु मेरी खिवा गुङगुङ गुआ खोङ गुक्सो मिनी बानी गुङयाङ इक्के मुलु ओदी दु पाआ दासो इनिके साया माब्लेमला दासो साया रोङना ब। हपेके मिनी साया, बानी साया रोङसेला इक्के मिनी मुलु बानी मुलु घ्रुमलादै । अनिमोखोलादै ।"

नेपाली भावर्थ : उहिल्यैँ नै कल्लो पन्छीको सन्देशले मान्छेको गृहस्थी जीवनमा गरिखाने र मिलेर बस्ने चेतना मिलेको थियो । त्यसरी असल सल्लाह प्रदान गर्ने पन्छीलाई सम्मान गर्दै सुनको वालाले उसको मुखको चुच्चो बाँधी दिएका थिए । त्यसैले कल्लो पन्छीको चुच्चो पहेँलो देखिन्छ । आजकाल मान्छेलाई असल सल्लाह सुझाव दिएर लोली बोली र मन मिलाइ दिने महान व्यक्ति तपाई मुलुमी हुनु हुन्छ । कल्लोलाई जस्तै तपाईलाई हामीले सुनको पगरीले बन्धनमा राख्न त सक्दैनौ तर तपाईको नाममा सगुन राखेर शिरमा फेटा र शरीरमा गाथाले बाँधेर सम्मान गरेका छौँ । दुःख नमान्नु होला मलाई बन्धनमा पारे भनेर प्रसन्न भई मुन्दुम फलाक्नुस् । हामीलाई सिकाउनुस् ।

हामीलाई गरी खाने ज्ञान र सिप सिकाउनुस् । हामी साहसी र पौरखी बनौँ । हामी कसैसँग नझुक्ने आँटी बनौँ । जसरी कुखुराको भालेको पुच्छर मिलेर झुके हुन्छ । त्यसरी नै हामी पनि चाहिने ठाउँ झुकी हाम्रो सधैँ सल्लाह मिलोस् । मन मिल्नु नै मानव शक्ति हो (लोक बहादुर वायूङ, व्यक्तिगत अन्तरर्वार्ता-२०८१) ।

**पगरी पहिराउने/सायाचोङ् (शिर) उठाउने समय र विधिहरू**

**शिर उठाउने विधि**

चोखो, सेतो कपडा (शान्ति र सम्मानको प्रतिक), ३ फन्को लगाउने तीन चुल्होको प्रतीकको रूपमा, दाहिनेबाट पहिराउने पगरी गुथाउँदा उठान र बैठान गरी दुईवटा पाटो हुने गर्दछ । शिरमाथि भालेको प्वाख जस्तो आकास फर्काउने जीवनको प्रतीकको रूपमा) फेटाको अन्तिम भाग घाटी वा जमिनतिर झार्ने मृत्युको प्रतीकको रूपमा मुन्दुमी व्याख्या रहेको छ (काङ्बाङ नरेश, व्यक्तिगत अन्तर्वार्ता २०८०) । यसरी फेटा पहिराउने उल्लेखित विधिलाई अध्ययन गर्दा फेटा/पगरी सकारात्मक र जन्मदेखि मृत्युसम्मको प्रतीकको रूपमा मानिन्छ । त्यसकारण फेटा पहिराउँदा दाहिनेतिरबाट विधिगत रूपमा नै पहिराउनु पर्दछ । किरात मुन्दुमअनुसार कुनै पनि कार्य देब्रेबाट वा देब्रे हातले देब्रे घुमाउनु भनेको अशुभ मानिन्छ । त्यसैले देब्रे भनेको मृत्युको प्रतीक हो भने दाहिने जिवनको प्रतीकको रूपमा मुन्दुमले व्याख्या गरेको छ । त्यसकारण राईहरूले मृत्यु संस्कारको दिन मात्र देब्रे तिरबाट मृत्युकार्यको लागि गरिने संस्कारहरू मात्र गर्ने गर्दछन । जस्तैः मृतकलाई खान पानी, माटो ढुङ्गा, दौउरा आदि मृत्युकार्यसँग सम्बन्धित काम देब्रेहातबाट गर्दछन् । त्यसकारण फेटा पहिराउँदा दाहिनेतिर (Anticlockwise) बाट पहिराउनु पर्छ । यदि यसो नभएको खण्डमा फेटाको मुन्दुमी विधि (प्राणप्रतिष्ठा) भएको मानिँदैन । यो फेटा/पगरी गुथाउने अनिवार्य नियम पनि हो । शुभकार्यहरूमा दाहिने तिरबाट पहिराउने गरिन्छ । दाहिनो वा दाहिने भनेको शुभ सङ्केत, शुभसाइत, दिर्घायु र शक्ति पनि हो । यसैगरी दाहिने भनेको प्राकृतिकको नियम पनि हो । पगरी भनेको पवित्र मुन्दुमी शिरपोस हो । शिर भनेको मानव शरीरको सबैभन्दा माथिल्लो भाग हो । शिर चोमोलोङ्मा (सगरमाथा) हिमालय जस्तो चोखो-उच्च हुन्छ । चोमोलोङ्माको शिर सेतो-चोखो छ र पगरी पनि सेतो शिरपोस भएको हो (सुमन राई, व्यक्तिगत अन्तर्वार्ता २०८१) । राईहरूले कुनै पनि शुभकार्यहरूमा दाहिनेबाट सुरुआत वा परिक्रमा गर्ने गर्दछन । जस्तैः घर सर्ने शुभ साइत, विवाहको शुभ साइत, यात्राको शुभ साइत, घरनिर्माणको शिलान्यास लगायतको साइतहरूमा दाहिने पदबाट शुभारम्भ गरिन्छ । किरात मुन्दुमअनुसार कुनै पनि कार्य देब्रेबाट, वा देब्रे हातले देब्रे घुमाउनु भनेको अशुभ मानिन्छ । त्यसकारण देब्रे भनेको मृत्युको प्रतीक हो भने दाहिने जिवनको प्रतीकको रूपमा मुन्दुमले व्याख्या गरेको छ ।

यसैगरी नछुङले पहिरिने पगरी विशेष गरी ३/४ मिटर लामो हुने गर्दछ । धामीहरू पनि धेरै प्रकारका हुन्छन, जस्तैः तीन चुला पुज्ने, साकेला पुज्ने थरीका धामीलाई २ मिटरको पहिरन गरिन्छ । त्यसैगरी ज्वाम्चो (बिजुवा) जसले मृतआत्माहरूलाई बाटो लगाउने कार्य गर्दछ भने त्यस्ता ज्वाम्चोलाई ३/४ मिटर लामो पगरी लगाउने परम्परा रहेको छ । धामीलाई पगरी लगाउँदा दाहिनेबाट तीन फन्को घुमाएर पछाडी मात्र फुर्का लामो राखिन्छ (माङमा टिकासरी राई, व्यक्तिगत अन्तर्वार्ता-२०८१) ।

## पगरी पहिराउने विधाहरू

### सांस्कृतिक शुभकार्यहरू

किरात राईहरूको महान् चाड साकेला उभौली उधौली कार्यक्रममा नछुङ/सभाअध्यक्ष सभापति, प्रमुख अतिथि, विशेष अतिथि, सिलिमुमा-सिलिमुप्पा, मूलढोले आदि लाई फेटा गुथाएर सम्मान तथा नेतृत्व दिने सस्कृति रहेको छ (जनक राई, व्यक्तिगत अन्तर्वार्ता २०८०) । यसैगरी तीन चुला तथा कुलपितृ पुज्ने उधौली उभौलीमा नछुङलाई पगरी गुथाएर सायाचोङ् (शिर उठाउएर) माङहरू राम्रोसँग पुजी दिनुस् भन्दै एकमाना आराखा/वासिम तुल्ला (केराको पात) मा राखेर सम्मानसहित अनुरोध गरिन्छ । विवाहको समयमा बेहुलाको शिर उठाउने, बेहुला र बेहुली पट्टिको कोङ्पिलाई फेटा गुथाएर बेहुला र बेहुली पट्टीको समन्वय गर्न नेतृत्व दिने किरात राईहरूको सस्कृति रहेको छ । यसैगरी नयाँघरको शुभ साइत गर्दा तीन चुला राख्दालगायतका शुभारम्भ कार्यहरूमा फेटा गुथाएर नेतृत्व तथा सम्मान गर्ने प्रचलन राई समुदायमा रहेको छ ।

### उच्च मान/पदहरू हासिल गर्दा

राई समुदायमा विशेष उच्च-गर्विलो पदहरू हासिल गर्दा पगरी/फेटा गुथाएर विशेष मान-सम्मान गर्ने गरिन्छ । किरात राईहरूको मुन्दुमहरू अध्ययन गर्दा, फेटा वा पगरी भनेको सबै भन्दा ठुलो मान-सम्मान, श्रीपेज र गौरव हो । त्यसकारण किरात राईहरूले कुनै पनि उच्च-विशिष्टपदहरू हासिल गर्दा फेटा/पगरी गुथाएर मान-सम्मान गर्ने गर्दछन् । जस्तैः युद्ध जितेको समयमा, निर्वाचनमा विजय प्राप्त गरेको समय, मन्त्री पद हासिल गरेको समयमा आदि फेटा गुथाएर मान-सम्मान गर्ने प्रचलन रहेको छ । यसरी फेटा भनेको किरात राईहरूको सम्मानित शिरपोस हो, जसको स्थान चोमोलोङ्मा जस्तै उच्च र चोखो तथा पवित्रता रहेको हुन्छ ।

### कुनै अप्रिय घटनाहरू घटेको समयमा

किरात राई समुदायको सस्कृतिमा कुनै पनि अप्रिय घटना घटेको समयमा पनि शिर ढल्यो भन्दै शिर उठाउने/सायाचोङ् गर्ने सस्कृति रहेको छ जस्तैः जेलबाट छुट्दा, युद्ध हारेको समयमा, जसरी राजा बुदाहाङ् लिच्छवीसँग पटक-पटक युद्ध हारेकाले माइतीको शिर ढल्यो भन्दै चेली सोई सोइलाले अम्लारीबुङ्को (सुनाखरी) को दोलो (श्रीपेच) बनाएर राजा बुदाहाङ्को शिर उठाएको कुरा मुन्दुमी व्याख्या रहेको छ (शालिक राई, व्यक्तिगत अन्तर्वार्ता -२०८०) । यसरी किरात राईहरूमा रहेको फेटा सस्कृति प्रयोग कुनै पनि काम सफल तथा असफलता दुवै समयमा सायाचोङ् गर्ने सस्कृति रहेको छ तर मुन्दुम/रिसिया भने विधाअनुसार फरक-फरक हुने गर्दछ ।

## सामाग्रीहरू

फेटाको लागि साढे दुई मिटर र नछुङलाई पगरीको लागि ३/५ मिटर चोखो सेतो कपडा, चोखो पानी, तितेपाती, फूल, सोलेवा (चिन्डो), दियो, कलश एक माना चामल, एउटा झर्के थाल, वापा (बस्ने भाले) आदि ।

## छलफल तथा विमर्श

राई जातिमा प्रचलित पगरी संस्कृतिको ऐतिहासिकता, मुन्दुमी मिथक, व्याख्या, मुन्दुम रिसिया, प्रयोग गरिने अभ्यासहरू, पहिरिने विधि, प्रयोग गरिने विधाहरूको अध्ययन गर्दा धेरैवटा तथ्यहरू प्राप्त भयो । संस्कृति अध्येता नारादमणि हार्ताम्छालीका अनुसार किरात राईहरूको पगरीको ऐतिहासिकता तथा उत्पतिबारे अध्ययन गर्दा विभिन्न किराती मिथक मुन्दुम र इतिहासहरू, मुन्दुम र आख्यानहरू प्राप्ति भएका छन् । जसअनुसार पगरीको अवधारण शिकारी युगको आदिम समाजबाट आरम्भ भएको देखिन्छ । समूहको नाइकेको रूपमा नछुङ (धामी) लाई मानेर पगरी लगाएर समूहको नाइके बनाएर समूहको नेतृत्व गर्ने जिम्मा नछुङलाई दिएको तर्क राखेका छन् । नछुङलाई नाइके मान्ने आधारहरू नछुङले  मुन्दुम जान्ने भएकाले शिकार गर्नु जानु अघि शिकारी मुन्दुम गरेर मात्र शिकार गर्नु जाने, मुन्दुमी शक्तिको प्रयोग गरेर दुस्मनलाई हराउने, र समूहमा कसैको मृत्यु भएमा सबै मुन्दुमी कार्य धामी/नछुङले नै गर्ने भएकाले पनि धामीलाई नै पगरी लगाएर नाइके मानेका देखिन्छ । त्यसैगरी मुन्दुम अध्येता भोगीराज चाम्लिङका अनुसार जब शिकारी युगबाट विस्तारै कृषियुगमा प्रवेश भयो, त्यही शिकारी युगका मानिसको समूहको नेता पछि गएर जब मानव जातिहरू गाउँसहर बनाएर बस्नु सुरु भयो र मानिसको जनसङ्ख्या पनि बढेर गयो । गाउँबस्ती र सहरमा नियम कानुन बनाउनु आवश्यकता पऱ्यो । कानुन र नियमको पालना गर्नुपर्ने भएकाले नेता नाइके हुँदै राजाको अवधारण आयो र त्यही साङ्केतिक पगरीलाई श्रीपेचको रूपमा विकास भएको देखिन्छ । यसरी समूहको नाइकेलाई विशेष खालको साङ्केतिक पगरी लगाएर सम्मान गर्ने चलनबाटै पगरीको विकासित स्वरूप राजाको श्रीपेचको रूपमा आधुनिक समाजमा विकास भएको व्याख्या गरेका छन् । त्यसैले राजाको श्रीपेच आदिम समयको प्रचलन हो, जुन राजतन्त्रमा पनि अङ्गीकार गरियो । त्यसैगरी संस्कृति अध्येता शालिक राईका अनुसार किरात राई समुदायको सस्कृतिमा कुनै पनि अप्रिय घटना घटेको समयमा पनि शिर ढल्यो भन्दै शिर उठाउने/सायाचोङ् गर्ने सस्कृति रहेको छ जस्तैः जेलबाट छुट्दा, युद्ध हारेको समयमा, जसरी राजा बुदाहाङ् लिच्छविसँग पटक-पटक युद्ध हारेकाले माइतीको शिर ढल्यो भन्दै चेली सोई सोइलाले अम्लारीबुङ्को (सुनाखरी) को  दोलो (श्रीपेच) बनाएर राजा बुदाहाङ्को शिर उठाएको कुरा उल्लेख गरेका छन् । त्यसैगरी (हतुवाली, २०७१, पृ. ३४) का अनुसार आदिम पुर्खा हेत्छाकुवा लोङमाले (रैछाकुले) को विवाह सम्पन्न भएपछि छुटिने बेलामा चेली ताङवामा र खिवामा (तयामा र खियामा) ले आफुसँग भएको खेसको खाडीको बर्कोको फेटा लगाइदिएर माइतीको शिर उच्च बनाएर बिदाबारी भएको कुरा मुन्दुममा व्याख्या गरिएको छ । त्यही समयबाट किरात राई समुदायमा विवाहको समयमा सायाचोङ्मा फेटा गुथ्ने चलन रही आएको कुरा किराती मुन्दुममा उल्लेख गरिएको छ  ।

विभिन्न विद्वानहरूको तर्कहरूलाई हेर्दा पगरी आदिम शिकारी युगबाट नै आरम्भ भएको देखिन्छ । सर्वप्रथम समूहको नाइकेको रूपमा नछुङ (धामी) लाई मानेर पगरी लगाएर नेतृत्व गर्ने जिम्मा नछुङलाई दिएको तथ्य रहेको पाइन्छ  । नछुङलाई नाइके मान्ने आधारहरू नछुङले मुन्दुम जान्ने भएकाले शिकार गर्नु जानु अघि शिकारीले मुन्दुम गरेर मात्र शिकार गर्न जाने, मुन्दुमी शक्तिको प्रयोग गरेर दुस्मनलाई हराउने र समूहमा कसैको मृत्यु भएमा सबै मुन्दुमी कार्य धामी/नछुङले नै गर्ने भएकाले पनि धामीलाई नै पगरी लगाएर नाइके मानेको देखिन्छ । जब मानव जातिहरू गाउँसहरमा

बस्ती बसाएर बस्नु सुरु गरे । समयक्रममा ती मानिसहरूको जनसङ्ख्या पनि बढेर गयो । गाउँबस्ती र शहरमा नियम कानुन बनाउनुपर्ने आवश्यकता पर्न गयो । उनीहरूले त्यही कानुन र नियमको पालना गर्नुपर्ने भएकाले नेता नाइके हुँदै राजाको अवधारणा आयो र त्यही साङ्केतिक पगरीलाई नै श्रीपेचको रूपमा विकास भएको देखिन्छ । कुनै पनि अप्रिय घटना घटेको समयमा पनि शिर ढल्यो भन्दै शिर उठाउने/सायाचोङ् गर्ने सस्कृति रहेको छ जस्तैः जेलबाट छुट्दा, युद्ध हारेको समयमा, जसरी राजा बुदाहाङ् लिच्छविसँग पटक-पटक युद्ध  हारेकाले माइतीको शिर ढल्यो भन्दै चेलीले सोई सोइलाले अम्लारीबुङ्को (सुनाखरी) को  दोलो (श्रीपेच) बनाएर राजा बुदाहाङ्को शिर उठाएकी प्रसङ्ग पनि उल्लेख गरिएको छ । पवित्र शिरपोस पगरी गुठाउने विधि पनि आफ्नै मौलिक रहेको पाइन्छ । जस्तोः चोखो सेतो कपडा (शान्ति र सम्मानको प्रतिक), ३ फन्को लगाउने तीन चुल्होको प्रतिकको रूपमा, पगरी पहिराउँदा दाहिनेबाट उठान र बैठान गरी दुईवटा पाटो हुने गर्दछ । शिरमाथि भालेको प्वाख जस्तो आकास फर्काउने जीवनको प्रतीकको रूपमा) फेटाको अन्तिम भाग घाटी वा जमिनतिर झार्ने मृत्युको प्रतीकको रूपमा मुन्दुमी व्याख्या रहेको छ । पगरी पहिराउने विधाहरू पनि फरक-फरक पाइन्छ सांस्कृतिक शुभकार्यहरू, उच्च मान/पदहरू हासिल गर्दा, कुनै अप्रिय घटनाहरू घटेको समयमा आदि अवस्थामा यसको प्रयोग हुने गर्दछ । पगरी पहिराउँदा चाम्लिङ राई परम्परामा अनुसार पाछा, सामे, बबी, मेचीनुङ्, सुप्तुलुङ (चुलोको) को नाम अनिवार्य पुकार गर्दै रिसिया गाएर पहिराउने परम्परा रहेको पाइन्छ ।

## निष्कर्ष

राई जातिको परम्परामा प्रचलित पगरी संस्कृति मुन्दुमी रूपमा पवित्र मौलिक तथा सांस्कृतिक शिरपोसको रूपमा रहेको छ । यसको आरम्भ आदिम शिकारी युगबाट भएको देखिन्छ । राईहरूको पवित्र मुन्दुमी शिरपोस पगरीले नेतृत्वको पहिचान गराउने भएकाले यसको स्थान किरात राई समुदायमा उच्च र महत्त्वपूर्ण  रहेको छ । पगरी संस्कृति किराती  आदिम पुर्खाहरू सम्निमा, पारूहाङ, राजा बुदाहाङ, चेली सोइसोइलाको पालाबाट नै आरम्भ भएको पाइन्छ । यसको प्रयोग समुदायका उच्च पदस्थ हासिल गरेका प्रतिष्ठित तथा नेतृत्व गर्ने व्यक्ति-व्यक्तित्व, मुन्दुमी-रिसिमी नाइके नछुङ, माङ्पाहरूलाई मात्र पगरी पहिराउनु उचित हुन्छ । पगरी संस्कृति पवित्र मुन्दुमी शिरपोस भएकाले यसलाई पहिराउँदा दाहिने तिरबाट पहिराउनु पर्दछ किनकि राई मुन्दुमअनुसार कुनै पनि कार्य देब्रेबाट वा देब्रे हातले देब्रे घुमाउनु भनेको अशुभ मानिन्छ । पगरी पहिराउने विधि र विधाहरू पनि फरक-फरक रहेको पाइन्छ जस्तोः विशेष उच्च-गर्विलो पदहरू हासिल गर्दा पगरी गुथाएर विशेष मान-सम्मान गर्ने गरिन्छ । राईहरूको मुन्दुमहरू अध्ययन गर्दा, फेटा वा पगरी भनेको सबैभन्दा ठुलो मान सम्मान, श्रीपेज र गौरव हो । त्यसकारण किरात राईहरूले कुनै पनि उच्च-विशिष्टपदहरू हासिल गर्दा पगरी गुथाएर मान-सम्मान गर्ने परम्परा रहेको पाइन्छ । त्यसैगरी कुनै अप्रिय घटनाहरू घटेको समय आदि अवस्थामा यसको प्रयोग हुने गर्दछ । जस्तो राजा वुदाहाङ्ले यद्धमा पटक-पटक हारेपछि चेली सोइसोइलाले पगरी पहिराएर शिर उठाएको प्रसङ्ग पनि उल्लेख भएको पाइन्छ । राई समुदायको सास्कृतिक कार्यहरूमा फेटा/पगरीको स्थान चोमोलोङ्मा हिमालय जस्तो चोखो-उच्च र महत्त्वपूर्ण रहेकाले यसको प्रयोग गर्ने विधि, र प्रकियामा सम्पूर्ण सरोकारवाला राईहरूको ध्यान जानु आवश्यकता देखिन्छ । किरात राई समुदायमा पगरीलाई मुन्दुमी रूपमा पवित्र,

मौलिक तथा सांस्कृतिक पोशाकको रूपमा शिरमा पहिराउने संस्कृति रहेकाले विधिमा पनि एकरूपता हुनुपर्छ साथै मौलिक पन कायम हुनुपर्छ ।

## सन्दर्भ सामग्रीसूची


बायुङ राई, वुद्धिकुमार (२०८०). *किरात वायुङ राई तुम्लोयालो.* वुद्धिकुमार बायुङ राई ।

राई, विष्णु (२०७१). *किरात सभ्यता उभौली र उधौली पर्व मानवशास्त्रीय अध्ययन.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

राई, पूर्णबहादुर (२०८०). *किरात राई मुन्दुम संस्कार रिसिया.* किरात मुन्दुम अध्ययन केन्द्र ।

राई, शालिकराम (२०८०). बान्तावा राई संस्कृतिमा साकेला सिली. अप्रकाशित शोधपत्र एम.फिल, नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

हतुवाली, चन्द्रकुमार (२०७१). *तुवाचुङ् जायजुम.* किरात उदगम आदिम तुवाचुङ जायाजुम ।


## स्रोतव्यक्ति

काङबाङ नरेश, व्यक्तिगत अन्तर्वार्ता २०८०

जनक राई, व्यक्तिगत अन्तर्वार्ता २०८०/ माघ २७

भोगीराज चाम्लिङ, व्यक्तिगत अन्तर्वार्ता, २०८१

टिकासरी राई, व्यक्तिगत व्यक्तिगत २०८०

नारादमणि हार्ताम्छाली, व्यक्तिगत अन्तर्वार्ता, २०८०

रत्न बहादुर राई, नछुङ, व्यक्तिगत अन्तर्वार्ता - २०८१, ललितपुर

लोक बहादुर राई, व्यक्तिगत अन्तर्वार्ता २०८१

सुमन राई, व्यक्तिगत अन्तर्वार्ता २०८१